फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (३) संख्याः (२) मितिः २०७७।१०।०५

## भाग-१

## फालेलुङ गाउँपालिका

### जलस्रोत उपयोग सम्बन्धी ऐन,२०७७

गाउँसभाबाट पारित मितिः २०७७ माघ ५

प्रमाणीकरण मितिः २०७७ माघ ५

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५ माघ ५

# प्रस्तवना :

गाउँपालिकाभित्रको भुमिगत वा भु सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगबाट हुने वातावरणीय एवं अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फालेलुङ गाउँपालिकाको गाउँ सभाले यो "जलस्रोत उपयोग सम्बन्धी ऐन , २०७७" जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम फालेलुङ गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी ऐन , २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जलस्रोत" भन्नाले फालेलुङ गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्न फालेलुङ गाउँपालिकाबाट दफा ८ बमोजिम अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ ।

(ग) "उपभोक्ता संस्था " भन्नाले दफा ४ वमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्दछ

(घ) "सेवा शुल्क " भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोत सम्बन्धित सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

**जलस्रोतको उयोग सम्वन्धी व्यवस्था**

३. **जलस्रोतको उपयोग :** (१) यस ऐन बमोजिम अनुमति पत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन ।

(क) आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न ,

(ख) आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्टा वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुंगाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न,

४. **जल उपभोक्ता संस्थाको गठन :**(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई फालेलुङ गाउँपालिका समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

५. **जलस्रोत उपयोगको प्राथमिकता क्रम :** (१) फालेलुङ गाउँपालिकाभित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग,

(झ) अन्य उपयोग ।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा १३ बमोजिम गठित समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

६. **गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने :** (१) फालेलुङ गाउँपालिका आफैंले कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजानिक उपयोगका लागि फालेलुङ गाउँपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना बापत गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) फालेलुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरुसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

७. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) फालेलुङ गाउँपालिकाले दफा ९ बमोजिम उपदफा (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रहि आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

८. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने :** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि फालेलुङ गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्ति सित प्रचलित कानुनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

९. **अनुमति पत्रको व्यवस्था :** (१) जलस्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई फालेलुङ गाउँपालिकाको कार्यालय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

तर जलस्रोतको सर्भेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिँदा त्यस्तो अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँपालिकाले तोकी दिएको अधिकारीले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले सामान्यतया जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा ३० दिनभित्र र जलस्रोत उपयोगको अनुमति पत्रको हकमा ९० दिनमा आवश्यक शर्तहरु तोकी दफा ५ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) अनुमति पत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरे बापत फालेलुङ गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(४) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा फालेलुङ गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

**१०. जलविद्युतको लागि जलस्रोतको उपयोग :** दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि १ मेगावाट (१००० वाट) सम्म क्षमताको जलविद्युत उत्पादनको गर्नको लागि फालेलुङ गाउँपालिका कार्यालयबाट र सोभन्दा बढी क्षमताको जलविद्युत उत्पादनको गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिको नवीकरण गर्नु पर्नेछ । (२) जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नवीकरण गराउँदा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ ।

**१२. अनुमतिपत्र खारेज गर्न सकिने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम विपरित कुनै काम गरेमा दफा १३ बमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवस्यक सुधार गर्न आदेश दिन सक्नेछ । (२) उपदफा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवस्यक सुधार नगरेमा त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ । (३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## स्थानीय जलस्रोत समिति सम्बन्धी व्यवस्था

**१३. स्थानीय जलस्रोत समितिको गठन :** (१) फालेलुङ गाउँपालिकाभित्र रहेको जलस्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रो उपयोगको लागि अनुमती प्रदान गर्ने तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक स्थानीय जलस्रोत समिति रहने छ ।

(२) स्थानीय जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहने छन ।

(क) गाउँपालिका अध्यक्ष : अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष : सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँसभा सदस्यहरु मध्येबाट एकजना : सदस्य

(ङ) प्रशासन शाखाको प्रमुख : सदस्य सचिव

(३) स्थानीय जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. <u>स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार :</u>** स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अधययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी फालेलुङ गाउँपालिका समक्ष पेश गर्ने ।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परादेखि जलस्रो उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नभए नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## <u>सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था</u>

**१५. <u>सजाय सम्बन्धी व्यवस्था :</u>** (१) कसैले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियम उलंघन गरेमा निजलाई स्थानीय जलस्रोत समितिको सिफारिसमा फालेलुङ गाउँकार्यपालिकाले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई गाउँ कार्यपालिकाले पाँच हजार रुपैयाँसम्म जारिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा गाउँ कार्यपालिकाले निजवाट बिगो असुल गरी निजलाई बिगो वमोजिम जारिवाना समेत गर्न वा अपराध अनुसन्धानको लागि लेखी पठाउन सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई बिगो बमोजिम जारिवाना वा दश वर्षसम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

१६. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १५(४) बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

१७. **मुद्दा सम्बन्धी व्यवस्था :** दफा १५ को उपदफा (४) बमोजिमको सजाय हुने कसुर सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

१८. **पुनरावेदन सम्बन्धी व्यवस्था :** यस ऐन बमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा गाउँ कार्यपालिकाबाट कार्बाही भएकोमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कार्बाहीको निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-४

**विविध**

१९. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा बापत शुल्क असुल उपर गर्न सक्नेछ । (२) फालेलुङ गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए बापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए बापत वार्षिक शुल्क तोकिए बमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।

२०. **सेवा रोक्न सक्ने :** सेवा उपभोग गरे बापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

२१. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने :** फालेलुङ गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा फालेलुङ गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा फालेलुङ गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

२२. **जलस्रोत संरचनाको सुरक्षा :** (१) जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा फालेलुङ गाउँपालिकाले आवश्यक प्रबन्ध गर्न स्थानीय प्रशासनलाई लेखी पठाउन सक्नेछ ।

२३. **जलस्रोतलाई प्रदुषित गर्न नहुने :** फालेलुङ गाउँपालिकाभित्रको जलस्रोतको प्रदूषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पद्दार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्न हुँदैन ।

२४. **वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :** फालेलुङ गाउँपालिकाभित्रको जलस्रोतको उपयोग गर्दा भू–क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२५. **इजाजतपत्रको प्रतिलिपि दिने :** कसैले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकारमध्ये केही अधिकार फालेलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिको लागि फालेलुङ गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

आज्ञाले,<br>
विनोद कुमार चौहान<br>
प्रमुख प्रशासकीय अधिकृत